स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'वरिष्ठ बलराम' आगामी कात्तिक ६ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ। फिल्ममा दयाहाङ राई र विजय बराल मुख्य भूमिकामा छन्। हिट फिल्म 'कबड्डी' देखि 'जारी' सम्म यी दुई कलाकारको सहकार्य रहँदै आएको छ भने प्रायः फिल्ममा विजय दयाहाङ सहयोगीका रुपमा देखिँदै आएका छन्। तर यसको सहकार्य अलि भिन्न रहेको अनुमान गर्न सकिन्छ।

**आजको विचार...**



पुरानो...
(दुई पेजमा)

श्रीमननारायण

अभिनेता तथा निर्माता दीपकराज गिरीले २०८३ सालको दशैंमा फिल्म ल्याउने घोषणा गरेका छन् । अहिले 'छक्कापञ्जा कमेडी टूर' को सिलसिलामा अमेरिका भ्रमणमा रहेका उनले त्यहाँबाटै आउने दशैंमा फिल्म ल्याउने घोषणा गरे । उनले यसबारेको जानकारी फेसबुकमार्फत दिएका छन् । हामीले पनि यो साल चलचित्र ल्याउन सकेनौं, तैपनि दशैमा प्रदर्शन भएका नेपाली चलचित्रहरूलाई दिनुभएको मायाका लागि धेरै धेरै धन्यबाद !



❒ वर्ष ३१ ❒ अंक ७८ ❒ २०८२ असोज २३ गते बिहीबार 09 October 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# छिमली र पट्टा नाचमा झुमे दर्शक

हाम्रा संवाददाता

**तम्घास (गुल्मी),** असोज २२/ एकादशीदेखि कोजाग्रत पूर्णिणासम्म पश्चिम नेपालका विभिन्न जिल्लाका कोतघरमा सराय नाच हुने गर्दछ । गुल्मीका अन्य कोतभन्दा धुर्कोट गाउँपालिका-६ रजस्थलमा रहेको धुर्कोट कोतको सराय भने फरक देखिएको छ । किनकी यहाँ सरायभन्दा पहिले विभिन्न चार प्रकारका मौलिक नाच देखाउने गरिन्छ, जुन वीरलै हुन्छ ।

पूर्णिमाको दिन धुर्कोट कोतमा विशेषगरी छिमली नाच, तुरी नाच, हुँ हुँ नाच, पट्टा नाच र सराय नाच प्रदर्शन गरिन्छ । मन्दिरमा भक्तजन छिमली र पट्टा नाचमा बढी झुमेका छन् । सरायबाहेकका चार प्रकारका नाच सराय नाचसँगै सम्बन्धित रहे पनि प्रदर्शन कला भने फरक छ । सराय नाचको सुरुमा गन्धर्वलाई अगाडि लगाइ बाजागाजाको धुनसँगै हतियार लिएर विस्तारै हुँदै छिटो-छिटो गतिमा मौला वरिपरि नाचिने नाचलाई छिमली नाच भनिन्छ । कम्तिमा तीन पटक नाचिने यस नाचमा शक्तिको प्रदर्शन, युद्धको



कला र एकताको प्रतिक प्रदर्शन गरिने नाचसम्बन्धी जानकार स्थानीय एवं हिमालय माविका प्रधानाध्यापक कृष्णप्रसाद भण्डारीले जानकारी दिए । कोतमा चौथो नाचको रुपमा पट्टा नाच नाचिन्छ । यस नाचमा दुईजना प्रतिद्वन्द्वीहरु ढाल र तरबार लिई बाजाको तालमा नाचने गर्छन । अनि झुक्याएजस्तो गरी एकले अर्कोलाई प्रहार गर्दछन् । तर अर्को व्यक्ति भने जोगिन्छ । यस्तो प्रहार दुवैले कम्तीमा तीन-तीन पटक गर्छन । यो देख्दा निकै डरलाग्दो देखिन्छ । यस नाचले मिल्ने साथी-साथीबीच पनि द्वन्द्व, इर्ष्या र प्रतिशोध हुने भएकाले सबैसँग सतर्क हुनुपर्ने सन्देश दिने भण्डारीले बताए । दुवै नाच हेर्नका लागि कोतमा हजारौं भक्तजनको भीड रहेको थियो । अन्य ठाउँमा वीरलै प्रदर्शन गरिने, लोपोन्मुख नाच भएको एवं वर्षमा एकपटक मात्र प्रदर्शन गरिने भएकोले यी नाचको विशेष महत्व रहेको छ । स्थानीय गीता पन्थीले ले हेर्न नपाएको उनले बताए । मालिका गाउँपालिकाबाट आएकी वसुन्धरा घिमिरेले पनि छिमली नाच हेरेर मनोरञ्जन लिएको बताए । विगतमा एकपटक मात्र हेरेको र अहिले धेरै वर्षपछि छिमली नाच हेरेको उनले बताए । "वर्षमा एकपटक मात्रै देखाइन्छ, धेरै आकर्षक हुन्छ", उनले भने । उल्लेखित नाचका साथै कोतमा भव्यताका साथ सराय पनि नाँचिएको छ । धुर्कोट दरबार अगाडिको पटागिंनीमा गोलो लाइन बनाएर दुई/दुई जनाको जोडीमा सयौं व्यक्ति बाजा-गाजाको साथमा हातमा तरवार, खुकुरी, ढाल, खुडा, लट्ठीलगायतका युद्धमा प्रयोग हुने हतियार लिएर सराय नाँचिएको छ । किम्बदन्ती अनुसार विसं १४६५ मा खड्गराज मल्ल धुर्कोटको राजा बनेपछि खुसियालीमा दसैंको पूर्णिमाका दिन विजय उत्सव मनाइएको सम्झनामा सराय नाच स्थानीय बताउँछन् । धुर्कोट कोतमा हुने छिमली, पट्टा एवं सराय नाचलाई व्यवस्थित गर्दै पर्यटक आकर्षित गर्न धुर्कोट गाउँपालिकाले पनि पहल गरेको छ । पालिकाले पछिल्लो समय झण्डै रु पाँच करोडभन्दा बढी खर्चेर विभिन्न संरचना निर्माण गरेको छ । धुर्कोट दरबार परिसरमा तारबार एवं लाइटिङ, सिँढी निर्माण, सङ्ग्रहालय, मन्दिरको पुनर्निर्माणलगायतका क्षेत्रमा काम गरिएको अध्यक्ष भुपाल पोखरेलले जानकारी दिए । "सै, प्रदेश र पालिकाको गरी पाँच करोडभन्दा बढीको काम गरेका छौं", अध्यक्ष पोखरेलले भने, "यस वर्ष सबैभन्दा बढी भक्तजन आभएका छन् ।"

## सङ्क्षिप्त समाचार

### भालुको आक्रमणबाट १ को मृत्यु

(रासस/एएफपी)

**टोकियो,** असोज २२/जापानको सुपरमार्केटको गल्लीमा घुमिरहेको एक उत्तेजित भालुको आक्रमणका कारण दुई जना मानिसहरू घाइते भएको तथा छुट्टै आक्रमणमा अर्का एक व्यक्ति मृत फेला परेको अधिकारीहरूका साथै मिडिया रिपोर्टहरूले बुधबार जनाएका छन् । पछिल्लो समयमा जापानका आवासीय क्षेत्रहरूमा पनि, घट्दो मानव जनसङ्ख्या र जलवायु परिवर्तन जस्ता कारकहरूका कारण अत्यधिक जङ्गली भालुहरू देखिएका छन् । सार्वजनिक प्रसारणकर्ता एन. एच. के .ले प्रहरीलाई उद्धृत गर्दै अर्को छुट्टै भालु आक्रमण परी उत्तरी इवाटे क्षेत्रको पाहाडमा बुधबार एकजना मानिस मृत फेला परेको जनाएको हो । सुपरमार्केट पाहाडी क्षेत्रहरूको नजिक भएता पनि यस अघि कहिल्यै भालुहरू यसरी मानिसहरु नजिक नआएको किराना पसल सैका व्यवस्थापन योजना अधिकारी हिरोशी होरिकावालाई उदृत गर्दै एएफपीले जनाएको छ । पसलका सञ्चालकले स्थानीय मिडियालाई बताए अनुसार त्यस समयमा करिब ३० देखि ४० जना ग्राहकहरू भित्र भएका कारण बाहिर निस्कन गाह्रो भएकाले भालु धेरै आक्रोशित भएको थियो ।

## सरकारको मुख्य कार्यादेश निर्वाचन गराउनु हो मन्त्री खरेल



**काठमाडौं,** असोज २२/सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'जेनजी' आन्दोलनको जगबाट निर्मित वर्तमान सरकारको मुख्य कार्यादेश सबै राजनीतिक दल र जनताको सहभागितामा तोकिएको समयावधिमा प्रतिनिधिसभाको निर्वाचन गराउनु रहेको बताएका छन् ।

राष्ट्रिय समाचार समिति (रासस)को भद्रकालीस्थित केन्द्रीय कार्यालयको आज अवलोकन भ्रमणपछि आयोजित कार्यक्रममा मन्त्री खरेलले आगामी फागुन २१ गते हुने निर्वाचनको वातावरण बनाउन सबैसँग आग्रह गरे । निर्वाचन गर्ने सन्दर्भमा सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्कीबाट प्रतिबद्धता आइसकेको स्पष्ट पार्दै निर्वाचनको वातावरण निर्माण गर्न महत्त्वपूर्ण भुमिका हुने सञ्चार जगतबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे । "यो जेनजी आन्दोलनको जग, सबै राजनीतिक दल र जनताको चाहनामा बनेको सरकार हो । निर्वाचनमा जाने सबै दल र जनताको चाहना छ । यसै क्रममा निर्वाचन आयोगबाट कार्यतालिका प्रकाशन भइसकेको छ ।

निर्वाचनको वातावरण बनाउन राससले पनि भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु", सरकारका प्रवक्तासमेत रहेका मन्त्री खरेलले भने, "यो सरकारसँग निर्वाचनका साथै सुशासन कायम, भ्रष्टाचारको अन्त्य र जेनजी आन्दोलनका क्रममा भएको जनधनको क्षतिमाथिको छानबिन र कारबाही एवं प्राकृतिक विपद्पछिको राहत र पुन:स्थापना पनि 'म्याण्डेट' रहेको छ ।

## तिहारका लागि मादल बनाउन व्यस्त चित्रे बादी



**देउखुरी (दाङ),** असोज २२/कमेरोले लिपेर चिटिक्क पारिएको सानो कच्ची घर । घरको सानो आँगन साना र ठूला मादलले भरिएको छ । त्यसैका छेउमा एकाबिहानै चित्रे बादी मादलमा एकनासले खरी भरिरहेका छन् । घोराही उपमहानगरपालिका-१७ पचुर्खाका बादीको मादल बनाउने र मर्मत गर्ने व्यस्तता तिहार नजिकिएसँगै थपिएको हो । उनका अनुसार अरु समयमा भन्दा तिहारमा मादलको माग बढ्छ ।

तिहारमा हुने मादल बिक्रीबाट राम्रो आम्दानी हुने उनको भनाइ छ । आफूले मादल मर्मत गर्नेदेखि नयाँ मादल पनि बनाउँदै आएको उनले सुनाए । "बुवा गुइठे बादी मादल बनाउन्थे, उनकै सिको गरेर मैले पनि १२ वर्षको उमेरदेखि मादल बनाइरहेको छु", ७० वर्षे बादीले भने । उनका अनुसार हिजोआज त बिहान उज्यालो भएदेखि बेलुकैसम्म मादलको काम भ्याइनभ्याइ छ । यही पेसबाट आफूले चार छोरा र दुई छोरी हुर्काएको र यसैबाट घरखर्च चलाएको पनि उनले उल्लेख गरे । तिहारमा देउसी भैलो खेल्नेहरु हरेक वर्ष जसो उहाँको घरमा नयाँ मादल किन्न, मादलमा खरी हाल्न, मादल कस्न र छाला फेर्न आउँछन् । नयाँ मादलको आकारअनुसार रु सात हजारदेखि १५ हजारसम्ममा बिक्री हुने गरेको उनले सुनाए । उनको घरमा घोराही, तुलसीपुर, नारायणपुर, लमही, प्युठान र रोल्पालगायतबाट स्थानबाट मादल खरिद गर्न मानिस आउने गरेका छन् । उनलाई काममा श्रीमती भूमि बादीले सहयोग गर्छन् । आफूलाई नयाँ मादल बनाउन नआएपछि श्रीमानको काममा सहयोग गरिरहेको भूमि बादीले सुनाए । आफूले खरी बनाउन, छाला काट्नेलगायतका काममा सहयोग गरिरहेको बताए । उनको परिवारमा कान्छो छोरा पनि मादल बनाउन सिकेको उनको भनाइ छ । उनि मादल बनाउन खिर्रो, मौवा, मलेतो, खमारीलगायतका काठको प्रयोग गर्छन् । मौवा र खमारीको काठमा स्वर राम्रो सुनिने उनको अनुभव छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कहिले होला राजनैतिक अस्थिरताको अत्य

नेपालको वर्तमान राजनैतिक अवस्था तीव्र अनिश्चितता र व्यापक अस्थिरताले चिह्नित छ। गत केही वर्षदेखि मुलुकमा प्रमुख दलहरूबीचको आन्तरिक विभाजन, सत्तासमीकरणमा अस्थिर गठबन्धन र बारम्बार प्रधानमन्त्री परिवर्तन भइरहेका कारण पनि यस्तो अवस्था आएको हो । यसले नीतिगत निरन्तरता र दीर्घकालीन विकास योजनाहरूलाई प्रभावकारी रूपमा अघि बढाउन बाधा पुऱ्याएको छ। हालै जीनजी आन्दोलनले देशको राजनीति नै फेरिदिएको छ । आन्दोलन युवाहरू भ्रष्टाचार, नियुक्तिमा अनियमितता र पारदर्शिताको अभावका विरुद्ध प्रतिक्रिया स्वरूप सुरु भयो र तीव्र गतिमा राजनीतिक संकटमा परिणत भयो । संसद् भवनमा आगजनी पछि प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिन बाध्य भए । त्यसपछि अतिरिक्त संवैधानिक प्रक्रियाबाट पूर्व प्रधानन्यायाधीश सुशीला कार्की को नेतृत्वमा अन्तरिम सरकार गठन गरियो। राजनीतिक संकट केवल व्यक्तित्वको संघर्ष मात्र होइन–यो व्यवस्था र संरचनाका समस्याहरूको परिणाम हो ।

संघीव्यवस्था, स्थानीय सरकारको सशक्तता, संसदीय प्रणाली र न्यायपालिका बीच समन्वय कमजोर रहँदा प्रशासनिक अस्थिरता बढिरहेको छ । अर्थतन्त्र कमजोर छ– बेरोजगारी, मुद्रास्फीति, विदेश रोजगारमा निर्भरता र बजेट अभाव नागरिक निकै प्रभावित छन् । चर्चित पदयात्रा, सामाजिक सञ्जालमा असन्तुष्टि र आर्थिक चिन्ताले राजनीतिक संघर्षलाई विस्तार दिएको छ । नेतृत्वगत दर्शनीय शक्ति कम देखिन्छ । आंदोलन नेतृत्व 'नेताविहित' शैलीमा अगाडि बढेकोले दीर्घकालीन रणनीति र स्थायित्वको दिशा तय गर्न चुनौती बढेको छ । यदि नेपालले स्थिरता पाउनुपर्छ भने, राजनीतिक दलहरूले पारदर्शिता, जवाफदेहिता र संघीय शासन प्रणालीको सुदृढीकरणमा जोड दिनु पर्छ । युवालाई निर्णय प्रक्रियामा समावेश गर्ने नीति अपनाउनु पर्छ र सत्ता संघर्ष भन्दा राष्ट्रिय प्राथमिकतामा फिर्ता आउनुपर्ने आवश्यकता छ । एउटै पार्टी वा व्यक्तिमा निर्भर राजनीतिले देशलाई विकासभन्दा विचलित बनाउने जोखिम छ । जनता र नेतृत्वबीच विश्वास पुनर्स्थापित गरेर मात्र भविष्य सुनिश्चित गर्न सकिन्छ ।

### Opinion @ Social Network

रिस्लाई रोक्न सिक्नुस पिडालाई भोग्न सिक्नुस
समयलाई बुझ्न सिक्नुस गल्तिमा झुक्न सिक्नुस
बाकी कुरा सिकाउनेहरु त हरेक पाईलामा भेटिन्छन् यहाँ ।

*(कमला हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Kamala.hl)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पुरानो नेतृत्वको परिवर्तन नै समाधान होइन



**श्रीमननारायण**

> *देश विकासको निम्ति सर्वप्रथमत लक्ष्यको निर्धारण हुनुपर्दछ । त्यसपछि प्रष्ट दृष्टि चाहिन्छ । दृष्टि र लक्ष्य प्रष्ट भएपछि सोही दिशामा इमानदारीपूर्वक र समर्पण भावले हाम्रो पाइला पनि अगाडि बढेको हुनुपर्छ । अहिलेका कलिला युवाहरू हामी ४० र ५० भन्दा बढी उमेर भएकाभन्दा बढी जानकार हुन्छन् भन्ने यथार्थलाई हामीले जति छिटो स्वीकार गरे, त्यो हाम्रो नै हितमा हुनेछ । २४ घण्टामा १४ घण्टा मोबाइल र ल्यापटप चलाउने कलिला बच्चा गेम खेल्छन् र विश्वभरि भइरहेका नयाँ–नयाँ अनुसन्धान, अन्वेषण, उलब्धि, राजनीतिक परिवर्तन र युवाहरूको गतिविधिलाई पनि नियालिरहेका छन् । ट्रम्प, पुटिन, मोदी, सि जिनपिंग, जेलेन्सकी र बेन्जामिन न्यातान्याहुका सम्बोधन, टिप्पणी र कार्यलाई बढी सूक्ष्मतापूर्वक अध्ययन गरिरहेका छन् ।*

देशका स्थापित राजनीतिक दलहरू र केही नवोदित राजनीतिक दलहरूको समेत जनाधार प्रभाव र उपस्थितिलाई औचित्यहीन तथा त्याज्य सावित गर्दै जेन-जी समूहका युवाहरूले ३४ घण्टाभित्रमै राष्ट्रिय राजनीतिको परिदृश्यमा जुन परिवर्तन ल्याए त्यो सराहनीय छ । स्कुल ब्याग पिठ्युँमा बोकेर तथा स्कुल ड्रेस लगाएका कलिला विद्यार्थीहरूको शहादतले जो कोहीलाई पनि शिर निहुऱ्याउन बाध्य पारेको छ । वंशवाद, भ्रष्टाचार र उही पुराना अनुहार पटक-पटक देशको नेतृत्व गर्नु, नेतृत्व पंक्तिमा रहनु तर देश एवं जनताको आर्थिक विकास तथा समृद्धिमा सन्को पनि भाँच्न नसक्नुलाई युवा पुस्तावले मन पराई रहेका छैनन् । नेपाली राजनीतिमा पात्र र प्रवृति नफेरिनु अथवा नयाँ पात्र आए पनि प्रवृत्ति नफेरिनुले युवा पुस्तामा व्याप्त नैराश्यलाई उत्कर्षमा पुऱ्याउने काम गऱ्यो निःस्वार्थ भावले र राष्ट्र प्रेमको भावनाले ओतप्रोत भएर स्वःस्तुर्फ रूपमा भएको यस आन्दोलनको निहितार्थ बुझ्नु आजको आवश्यकता हो । युवाहरूको चाहना र भावनालाई बुझ्न नसक्ने दलहरू अब नेपालमा राजनीति गर्न सक्दैन । पुराना राजनीतिक दल र तिनका नेताहरू या त सच्चिनुपर्छ, होइन भन्ने सिद्धिन तयार भएर बस्नुपर्छ । नेपालका राजनीतिक दलहरूले आफ्नो कमीकमजोरी र त्रुटिलाई स्वीकार गर्दै अगाडि बढ्नुपर्छ । श्रीलंका, बंगलादेश, अफगानिस्तान, पाकिस्तान र म्यानमानरको घटनाबाट नेपालका नेताहरूले अलिकति पनि शिक्षा लिएका भए जेन-जीका कलिला युवाहरूले विद्यालय तथा क्याम्पसको पढाइ छाडेर सडकमा आउने अवस्था उत्पन्न हुने थिएन । विगतका राजनीतिक परिवर्तनको औचित्य, आन्दोलन सफलतापश्चातका दृश्य, राजनीतिज्ञहरूका भनाइ र गराईबीचको अन्तरको समीक्षा अपरिहार्य भएको छ । केवल बढी उमेरका अनुहारलाई विस्थापित गरेर नयाँ अनुहार पार्टी नेतृत्वमा आउनु समस्याको समाधान होइन । इमानदार छवि, भनाइ र गराइमा एकता तथा पारदर्शी जीवनशैली अपनाउने अनुहार अहिले देशलाई चाहिएको छ ।

पुरानो नेतृत्वलाई विस्थापित गरेर नेतृत्वमा आउन खोज्ने नयाँ अनुहारमा त्यस्तो के विशिष्ट पहिचान छ कि जनताले तिनीमाथि विश्वास गर्न सकून् । हिजोसम्म पार्टी अध्यक्षका बफादार सिपाही भएर तिनको देवत्वकरण गर्ने प्रत्येक निर्णयको पक्षमा डटेर उभिने, आफ्नो क्षमतानुसार भ्रष्टाचार गरी अथाह सम्पत्ति आर्जन गर्ने, हाल यता आएर जेन-जी आन्दोलनपछि आफूलाई चोखो दाबी गर्दै नेतृत्व परिवर्तनको माग गर्ने सबै दलका ब्वाँसो प्रवृत्तिका दोस्रो पंक्तिका नेताहरू यथार्थवादी मान्यता राख्दछन्, यिनीहरूबाट कुनै किसिमको परिवर्तनको अपेक्षा राख्नु मुर्खता हुनेछ । वर्तमान अवस्था नेपालको राजनीति, चरित्रको संकट, विश्वासको संकट र विचारको संकटबाट ग्रसित रहेको देखिन्छ । यसलाई राजनीतिको त्रिदोष भनिन्छ । देशका प्रमुख राजनीतिक दललगायत नवोदित राजनीतिक दल पनि विचारको संकटबाट ग्रसित देखिन्छ । यिनीहरूसित 'भिजन' को अभाव छ । देशको आर्थिक र सामाजिक नीति के कस्तो हुनुपर्छ ? भन्नेबारे पार्टीभित्र चर्चा भइरहेको हुँदैन । हाम्रा दुवै छिमेकी मित्र राष्ट्र भारत र चीन कसरी विश्वका ठूला आर्थिक शक्ति भए, यसबारे कुनै चिन्तन हाम्रो देशमा भएको पाइँदैन । ५, १० या १५ वर्षमा देशका लागि कुनै लक्ष्य निर्धारण भएको पाइँदैन । देश विकासको निम्ति सर्वप्रथमत लक्ष्यको निर्धारण हुनुपर्दछ । त्यसपछि प्रष्ट दृष्टि चाहिन्छ । दृष्टि र लक्ष्य प्रष्ट भएपछि सोही दिशामा इमानदारीपूर्वक र समर्पण भावले हाम्रो पाइला पनि अगाडि बढेको हुनुपर्छ । अहिलेका कलिला युवाहरू हामी ४० र ५० भन्दा बढी उमेर भएकाभन्दा बढी जानकार हुन्छन् भन्ने यथार्थलाई हामीले जति छिटो स्वीकार गरे, त्यो हाम्रो नै हितमा हुनेछ । २४ घण्टामा १४ घण्टा मोबाइल र ल्यापटप चलाउने कलिला बच्चा गेम खेल्छन् र विश्वभरि भइरहेका नयाँ-नयाँ अनुसन्धान, अन्वेषण, उलब्धि, राजनीतिक परिवर्तन र युवाहरूको गतिविधिलाई पनि नियालिरहेका छन् । ट्रम्प, पुटिन, मोदी, सि जिनपिंग, जेलेन्सकी र बेन्जामिन न्यातान्याहुका सम्बोधन, टिप्पणी र कार्यलाई बढी सूक्ष्मतापूर्वक अध्ययन गरिरहेका छन् । जेन-जी आन्दोलन केवल ३६ घण्टाको निम्तिमात्रै भएको थिएन । युवाहरूले आफ्ना निर्दोष साथीको शहादतलाई बिर्सेका छैनन् । अब नेपालको राजनीति नयाँ दिशामा बढ्नेछ । युवाहरूको माग अनुसार आफूमा परिवर्तन ल्याउने दलमात्रै जनतामाझ टिक्न पाउने सक्दछन् । प्रहरी-प्रशासनको भरमा, पैसाको भरमा र भोटका दलालहरूको भरमा चुनाव जित्ने युगको अब अन्त्य हुँदैछ । जनताको प्रत्यक्ष मतबाट कार्यकारी प्रमुख (राष्ट्रपति अथवा प्रधानमन्त्री)को निर्वाचनको माग हुनुभनेको नेपाली युवाहरू स्वच्छ एवं इमानदार छविका अनुहारलाई कार्यकारी प्रमुखको कुर्सीमा हेर्न चाहन्छन् । हाम्रो युवाहरू मिलीजुली सरकार बनाउने र मिलीजुली खाने प्रवृत्तिको अन्त्य भएको हेर्न चाहन्छन् । पूर्ण समानुपातिक निर्वाचन प्रणालीको मागको तात्पर्य स्वच्छ, इमानदार र सुयोग्य अनुहारहरूलाई संसदमा ल्याउनु हो । अहिलेसम्म राजनीतिक दलहरूले समानुपातिक प्रणालीको दुरुपयोग गरेका रहेछन् । कसैले आफ्नी श्रीमती, साली, बुहारी नातेदार तथा कसैले करोडौं रुपैयाँ लिएर भ्रष्ट एवं बेइमानलाई संसद्मा प्रवेश गराउने काम भए । नीतिनिर्माण र विमर्शको थलोलाई लेनदेन र नाफा नोक्सानको हिसाबकिताब गर्ने प्लेटफर्मका रूपमा विकसित गर्ने काम भयो । अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा गठित मन्त्रिपरिषद्का सदस्यहरूको चरित्र, योग्यता, विशेषता र पादर्शी जीवनशैलीले शनैः शनैः शासनप्रति जनताको विश्वास बढाउन थालेको छ । देशका प्रधानमन्त्री र मन्त्रीहरू स्वच्छ एवं इमान्दार छविकै हुनुपर्दछ भन्ने माग बढ्दैगएको छ ।

कम उमेरका युवा इमानदार नै हुन्छन् र बढी उमेरका व्यक्ति सबै, भ्रष्ट नै हुन्छन् भन्ने निष्कर्ष अपरिपक्व, अव्यावहारिक र अदूरदर्शी हो । नवयुवा र युवाहरू पनि भ्रष्ट हुनसक्दछन्, किनभने समय, काल र परिस्थितले उत्पन्न गर्ने गरेका चुनौतीसँग मुकाबिला गरेको अनुभव नयाँ पुस्तासित हुन सक्दैन । यदि बढी उमेरका व्यक्ति इमानदार र पादर्शी रहेका छन् भने त्यो नै उत्तम विकल्प हो । प्रधानमन्त्री र मन्त्रीको काम फुटबल, कुस्ती अथवा ककफाइट खेल्ने होइन । शारीरिक स्वस्थता चाहिन्छ । मानसिक रूपले स्वस्थ र बलिया व्यक्तिले कुनै परिस्थितिलाई सहज ढंगले सामना गर्दछन् । बलिया व्यक्तिले कुनै पनि परिस्थितिलाई सहज ढंगले सामना गर्दछन् । अमेरिकामा डोनाल्ड ट्रम्प, रुसमा ब्लादिमिर पुटिन, भारतमा नरेन्द्र मोदी र चीनमा सि चिनफिंग सबै ७५ वर्ष वा त्यसभन्दा माथिका छन् तर राम्ररी आफ्नो देशलाई चलाएका छन् । बंगलादेश आन्दोलनले ८० कटेका मोहम्मद युनुसलाई अन्तरिम सरकारको प्रमुख बनायो । युक्रेनका राष्ट्रपति जेलन्सिकी अपेक्षाकृत कम उमेरका छन् तर उनले आफ्नो देशलाई अन्तहिन युद्धको मुहानसम्म पुऱ्याइदिएका छन् ।

देशका स्थापित र पुराना राजनीतिक दलहरूका दोस्रो र तेस्रो पंक्तिका नेताहरू पनि भ्रष्ट प्रवृत्तिका छन् । पार्टी अध्यक्षलाई गलत सुझाव र सल्लाह दिने, आफ्ना विपक्षीहरूको वास्ता नगर्ने, लोकतान्त्रिक मूल्य मान्यतामाथि प्रहार गर्ने, केवल राष्ट्रवादको संकीर्ण र घृणा फैलाउने नारा दिने र जनताका जल्दा-बल्दा समस्याको उपेक्षा गर्ने राजनीतिक दलहरूका दोस्रो र तेस्रो पुस्ता जिम्मेवार छन् । देश पटक-पटक एसटिएफको खैरो सूचीमा जाँदा पनि भ्रष्टाचारलाई नियन्त्रण गर्न आफ्नो नेतृत्वलाई सुझाव दिन आँट गर्न नसक्ने कथित दोस्रो पंक्तिका नेताले कुन मुखले नेतृत्व लिने दाबी गर्ने ? नेपाली कांग्रेस होस् अथवा एमाले, माओवादी होस् अथवा मधेसवादी रवि लामिछाने होस् अथवा सिके राउत, कुनै फरक छैन । बुढो सुगाले राम राम बोल्न नसकने जस्तै पुराना दलहरूबाट सुधारको अपेक्षा राख्नु कार्पेटमुनि धुलो राखेर समस्या समाधान भएको देखाउनु हो । २१औं शताब्दीमा भिजन भएका तथा प्रष्ट आर्थिक, सामाजिक एवं राजनीतिक नीति भएको नेतृत्व नै जनताबाट अनुमोदित हुनेछ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कारोबारमा मन्दी आउनेछ । घर व्यवहारमा झमेला रहल। | **तुला** : आँटेको र ताकेको कार्य पुरा होला । पारिवारिक सद्भाव बढ्नेछ । |
| **वृष** : सआज शुभकार्यको चर्चा चल्नेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । | **वृश्चिक** : नोकरी वा पेशामा प्रभाव बढ्नेछ। उद्योग व्यापारमा लाभ मिल्नेछ। |
| **मिथुन** : कार्यक्षेत्रमा समय अनुसार प्राथमिकतालाई ध्यान दिएर कार्य गर्नुहोला। | **धनु** : लाभहानी, आयव्यय, सुखदुःख बराबरी मध्यम खालको दिन छ । |
| **कर्कट** : भाग्यको साथ मिल्नेछ। स्वास्थ्यलाई लिएर खानपानमा सचेत रहनुहोला। | **मकर** : नोकरी वा पेशामा प्रभाव बढ्नेछ। उद्योग व्यापारमा लाभ मिल्नेछ। |
| **सिंह** : मन प्रसन्न रहनेछ। चिताएका कार्य सम्पादन गर्नमा सफलता मिल्नेछ। | **कुम्भ** : जमघटमा रमाइलो समय बित्नेछ। व्यवसायमा लाभ रहनेछ। |
| **कन्या** : यात्रामा सफलता मिल्नेछ। परिवारलाई समय दिने प्रयास गर्नुहोला। | **मीन** : कुरामा अनपेक्षित खर्च हुन सक्छ। अरुलाई सल्लाह दिनबाट बच्नुहोला। |

# बाल बाटिका

जीवनदर्शन

## लक्ष्यमा पुग्न ध्यान दिनुपर्ने केही कुरा



जीवनमा कतिपय विषय वा समस्या यस्ता हुन्छन्, जुन वास्ता गर्नै लायक हुँदैनन् । कतिपय विषय वा समस्या यस्ता हुन्छन्, जसको वास्ता गर्न थाल्दा मुख्य विषय वा लक्ष्यमा ध्यान दिनै भ्याइन्न वा पाइन्न । अझ कतिपय विषय वा समस्या यस्ता हुन्छन्, जसलाई भाउ दिन थाल्दा वा जसको वास्ता गर्न थाल्दा समस्या बढेर निकै भयावह बन्न पुगिरहेको हुन्छ । उदाहरणका लागि घाउ वा चोटलाई नै लिन सकिन्छ । कतिपय मानिसमा कुनै घाउचोट लाग्यो भने सानै किन नहोस् त्यसलाई मसार्ने, सुमसुम्याउने, कोट्याउने वानी हुन्छ । कतै भाइबहिनीहरूले पनि त्यस्तै गर्ने गरेका पो छौ कि ? यदि गर्ने गरेका छौ भने राम्रो होइन है । यस्तो गर्ने गर्दा के हुन्छ थाहा छ ? सानै घाउचोट पनि बल्झिँदै गएर डर लाग्दो बन्न पुग्छ । मानिलिऔँ कुनै बाँदरलाई घाउ लाग्यो । घाउ लडेर लागेको पनि हुन सक्छ साथीसित झगडा गरेका कारणले पनि हुन सक्छ । त्यतातिर नजाउँ, जसरी लागे पनि लाग्यो । घाउ हो लाग्यो, लाग्यो त लाग्यो । यतिबेला उसले के गर्छ थाहा छ ? यही गर्छ कि त्यसैलाई कोट्याउन थाल्छ । छामछाम छुमछुम गर्छ, चाट्छ, चिमोट्छ, कोपर्छ । बाँदरको घाउ न हो । बाँदरको घाउ भन्ने त उखानै छ । उसले घाउलाई कोपर्ने, चिमोट्ने कन्याउने भएकैले बुढापाकाले त्यस्तो उखान भनेका हुन् । जेहोस् उसले पूरा ध्यान घाउतिरै दिन थाल्छ, जसले गर्दा उसले न समयमा खान पाउँछ न आराम गर्ने नै समय पाउँछ । उनीहरूलाई खाने चीज आफैँले जुटाउनुपर्छ । आराम गर्ने समय पनि आफैँले छुट्याउनुपर्छ । कठैबरा भनेर कसैले खाना पनि ल्याइदिँदैनन् आराम गर्ने समय पनि छुट्याइदिँदैनन् तर उसको ध्यान घाउतिर गएकाले समयमा खान र आराम गर्न नपाएर दुब्लो पातलो बन्दै जान्छ र अन्तत: कुपोषणको सिकार हुन पुग्छ । उता कोपर्दाकोपर्दै घाउ बढेर पाक्न थाल्छ र अन्तत: यसैका कारण उसको ज्यानै जाने अवस्था पनि आउन सक्छ । लुतो पनि त्यस्तै हो । कतिपय मानिस लुतो आयो भने कन्याउने गर्छन् तर लुतो कन्याएर निको हुने होइन । उल्टै बढ्दै गएर विकराल बन्न पुग्छ । मानौं कुनै कुकुरलाई लुतो आयो । उसले पनि के गर्छ थाहा छ ? आफ्नो खुट्टाले वा मुखले भेटेजति कोपर्ने र चिथोर्ने गर्छ । नभेट्ने स्थानमा चउरमा लडिबढी गरी चिलाइ मेटाउन खोज्छ, जसले गर्दा उसको शरीर भरी घाउ लागेर रगत बग्न थाल्छ तर जति कन्याए पनि चिलाउन छाड्दैन । उल्टै लुतो पाकेर निकै डर लाग्दो अवस्थामा पुग्छ र त्यस्तै परे उसको पनि ज्यानै जाने अवस्था आउन सक्छ । मनिसकै कुरा गरौँ न । धेरै पहिलेको कुरा हो । एकपटक एक जना सज्जन कतै जाँदै रहेछन् । गर्मीको मौसम थियो, चर्को घाम । थकाइ त लागेकै थियो भोक र प्यासले पनि सतायो । यताउता हेरे केही पर एउटा चौतारो देखेर त्यतै लागे । त्यतिबेला अहिलेको जस्तो यातायातको साधन थिएन । जहाँ जान परे पनि पैदलै हिँड्नुपर्ने हुन्थ्यो । त्यसैले बटुवाहरूले थकाइ मार्न पाउन् भनेर स्थानीय मानिसहरूले ठाउँ-ठाउँमा चौतारो बनादिने गर्थे । पानी खान पाउन् भनेर सकेसम्म खानेपानीको धारो बनाइदिन्थे । धारो बनाउन सम्भव नहुने ठाउँमा माटाको भाँडोमा पानी रादिने गर्थे । थकाइ मार्ने उद्देश्यले जब सज्जन चौतारोमा बसे । नजिकै सानो धारोबाट पानी बगिरहेको पनि देखे । त्यसपछि उनले खुसी हुँदै चौतारो र धारो बनाइदिने मानिसलाई धन्यवाद दिँदै पानी खाएर र आराम गर्न लागे । थकाइ र गर्मीका कारण बस्ने बित्तिकै उनलाई निद्रा लाग्यो । जब आँखा ललाउन के लागेको थियो टाउकोमा एउटा झिँगा आएर बस्यो । उनी तालु खुइले थिए । तालुमा एउटै पनि रौँ थिएन । सायद रौँ भएका भए झिँगा बसेको थाहा पाउने पनि थिएनन् । टाउकामा परिआउने कतिपय झिनामसिना समस्या कापालले रोकिदिन्छ । हावाबाट बचाउँछ, धुलोबाट बचाउँछ, लामखुट्टे, भुसुना वा झिँगा आदिले दु:ख दिन सक्दैनन्, पाउँदैनन् । त्यसैले बुढापाकाहरूले कपालको महत्व गएका छन्, बचाउनुपर्छ भनेका छन् । उहिले उहिले कपाल काट्दा टुप्पी राख्ने गरिन्थ्यो । यस्तैयस्तै सानातिना समस्याबाट बच्न सकियोस् भनेर त्यस्तो व्यवस्था मिलाएका हुन् तर विचरा सज्जनको तालुमा त एउटै रौँ थिएन । त्यसैले झिँगा बस्ने बित्तिकै उनलाई चिलायो र आँखा नउघारिकनै झिँगा धपाए तर झिँगा न हो धपाएको भरमा किन टेर्थ्यो र । एकछिन उडेजस्तो गर्थ्यो फेरि आएर बस्थ्यो । उनी जतिपटक धपाउँथे झिँगा उतिपटक आएर बस्ने गर्थ्यो, जसले गर्दा उनले दिक्क भएर झिँगालाई धपाउनै छाडिदिए तर भइदियो के भने एकछिनपछि झिँगा आफैँ आउन छाड्यो । यसै पनि जहाँ भाउ पाइन्छ, जसले वास्ता गर्छन् त्यहीं नै जाने हुन् सबै । जहाँ भाउ छैन, जसले वास्ता गरेका छैनन् त्यस्तो स्थानमा जान कसले पो रुचाउँछ र ? यहाँ पनि यस्तै भएको थियो । जति बेलासम्म उनी झिँगालाई धपाउँथे अर्थात् त्यतातिर ध्यान दिन्थे त्यतिबेलासम्म ऊ आइरह्यो । जतिबेला उनले ध्यान दिन छाडेर आफ्नो काममा लागे झिँगा पनि आउन छाड्यो । जब झिँगा आउन छाड्यो तब सज्जन एकछिन मस्तसँग निदाएर आफ्नो बाटो लागे । यी केही उदाहरण हुन् । वास्तावमा हरेक क्षणमा, हरेक वस्तु वा विषयमा यही नियमले काम गरेको हुन्छ । त्यसैले जीवनमा उन्नति र प्रगति गर्न चाहने हो भने यस्ता झिनामसिना कुरामा ध्यान दिनुहुँदैन । जतिबेलासम्म त्यस्ता कुरामा ध्यान दिइन्छ त्यतिबेलासम्म केही पनि गर्न सकिन्न । समय साधन र स्रोत त्यत्तिकै खेर जान्छ । जब त्यस्ता कुरा वा विषयमा ध्यान दिन छाडेर मुख्य लक्ष्य वा उद्देश्यतिर ध्यान केन्द्रित गर्न थालिन्छ तबमात्र समय, साधन र स्रोतलाई सदुपयोग गरी उन्नति र प्रगति गर्न सकिन्छ ।

*कतिपय विषय वा समस्या यस्ता हुन्छन, जसको वास्ता गर्न थाल्दा मुख्य विषय वा लक्ष्यमा ध्यान दिनै भ्याइन्न वा पाइन्न । अझ कतिपय विषय वा समस्या यस्ता हुन्छन्, जसलाई भाउ दिन थाल्दा वा जसको वास्ता गर्न थाल्दा समस्या बढेर निकै भयावह बन्न पुगिरहेको हुन्छ । उदाहरणका लागि घाउ वा चोटलाई नै लिन सकिन्छ ।*

*-रातोपाटी डटकम*

कथा — नारायण मरासिनी

## 'जेन–जी'को छोरो

'यस्तै चाला हो भने तैँले गरिखाँदैनस् छोरा ' बिहान नौ बजेसम्म ओच्छ्यानमै निदाइरहेको छोरालाई उठाउने उद्देश्यले करायो ऊ । ऊ अर्थात् भुवनेश्वर तिमिल्सिना । भुवनेश्वरको एक मात्र छोरो थियो अरूणह १२ कक्षाको परीक्षा दिएर बसेको । 'रातभरि मोबाइल चलाएर बस्छस् अनि बिहानभरि सुत्छस् । यसरी पनि जिन्दगी चल्ला त ? जिन्दगी पब्जी र फ्री फायर खेलेर मात्र त चल्दैन कि छोरा ' फेरि पनि छोरो उठेन । भुवनेश्वरले रिसाउँदै छोराले ओढेको ब्ल्याङ्केट निकालिदियो । 'राम्रोसँग सुत्न पनि नदिनी, कति कचकच गर्न सकेको होला ?!

छोराको रिसको पारो तात्यो । झर्केर नाकका पोरा फुलाउँदै पुन: थप्यो उसले, 'उठेर के काम गर्ने त नि ? काम भए पो उठ्नी !! 'उठ् न उठ, बिहानभरि सुत्ने हो भने पनि कम्तीमा भातसात खाएर त सुत् !! इन्वाट्ट उसको समझमा यस उमेरका केटाकेटीलाई बढी हप्कीदप्की गर्दा परिणाम गलत पनि निस्कन सक्छ भन्ने आएकाले अहिले चाहिँ छोरालाई सम्झाउने हेतुले नरम रूपमा प्रस्तुत भयो । 'तपैं खानुस् न । म अहिले उठेर खाउँला !! ब्ल्याङ्केट तानी छोरो पुन: मुख छोपेर सुत्यो । छोरो पुन: सुतेपछि भुवनेश्वरले आफ्नो बाल्यकाललाई स्मृतिमा ल्यायो- त्यस समयमा ऊ गाउँमा दु:खजिलो गरेर पढ्थ्यो । निकै नै हण्डर खेपेर पढ्यो उसले । घरमा गर्नुपर्ने कामहरू नसकेसम्म स्कूल जान पाउँदैनथ्यो । अझ कामको चटारोमा त झन् स्कूल जाने मौका नै मिल्दैनथ्यो । हप्ताभरि हाजिर हुन सक्दैनथ्यो । घरमा पनि दिनको उज्यालो रहुन्जेल पढ्ने अवसर मिल्दैनथ्यो । साँझको खाना खाएपछि रातमा ढिब्री बालेर पढ्नु पर्थ्यो । मट्टीतेल नजिकै पाइँदैनथ्योह लिन जानु पर्थ्यो निकै टाढाको बजार । आउजाउ गर्दा दुई दिनको समय लाग्थ्यो । धेरै समय ढिब्री बाल्दा पनि तेल सकिने चिन्ता । उमेर छिप्पिसकेको थिएन तर धान-कोदो रोप्नेह गोडमेल गर्ने र थन्क्याउने बेलामा सकीनसकी काममा जोतिनु पर्थ्यो । अन्य आयस्रोत केही थिएन । खेती नगरे मुखमा माड लाग्दैनथ्यो । कमजोर आर्थिक हैसियतको किसानको छोरो भएका कारण पनि यो उसको बाध्यता थियो । ढुङ्गामाटाले बनेको घर । खरको छानो ।

घरको दक्षिण पश्चिमपट्टिको भागमा तीन तले धनसार थियो । धनसारको भुइँतलामा एकातिर दाउराको खलियो थियो भने अर्कोतिर घामपानीबाट जोगाउन घाँसपराल राख्ने गरिएको थियो । सिरानको तलामा हजुरआमाले गाँसेका दुनाटपरी, डोकाडाला एवम् पुराना खालका कपडाका पोकापोकीहरू थिए । बीचको तलालाई दुईवटा कोठामा विभाजन गरिएको थियो । एउटा कोठा मानिसहरू जम्मा हुँदा बस्न मिल्ने बैठकजस्तो थियो र त्यसको एकातिर कुनामा भैंसीको खजनसजन राख्ने गरिएको थियो भने अर्को कोठा सुत्नका लागि प्रयोगमा थियो । उक्त सुत्ने कोठामा दुईवटा खाट थिए । ठूलो चाहिँ खाटमा उसका बाबु सुत्ने भने सानो चाहिँमा ऊ सुत्थ्यो । बिहान भुकभुके उज्यालो हुनासाथ उठाउनका लागि बाबुले उसको टाउको झकझक्याउँथे । सुतीसुती उसको टाउकामा हात पुऱ्याउँथे बाबु । बिहानपखको मीठो निद्रा खलबल्याइदिएकामा ऊ भित्रभित्र निकै मुर्मुरिन्थ्यो तर बोल्न चाहिँ सक्दैनथ्यो । बाबुसँग असाध्यै डराउँथ्यो । भरसक बाबुका सम्मुख पर्न चाहँदैनथ्यो । जीवनमा बाबुसँग उसले कहिल्यै पनि आँखा जुधाएर कुरा गरेन । बाबुले झकझक्याउनासाथ आँखा मिच्दै उठ्थ्यो ऊ । गोठभरि गाईभैंसी र खोरभरि बाख्रा थिए । उठेर शुरूमा अँगेनामा आगो सल्काई भैंसीलाई कुँडो बसाल्थ्यो । प्रत्येक बिहानमा यो काम उसका लागि अनिवार्य पनि थियो किनभने उसकी आमा केही रोगी थिइन् । शरीरको बलले गर्नुपर्ने कामहरू गर्न त्यति सक्दिनथिन् । सुस्त-सुस्त जाँतो दल्ने र खाना बनाउनेसम्म गर्थिन् । आगो सल्काएर कुँडो बसालेपछि ऊ भकारो सोहोर्न गोठमा पुग्थ्यो । थरी सफा गरेपछि डोकामा गाग्री राखेर घरभन्दा केही परको पँधेरामा पानी लिन पुग्थ्यो । घरमा तीनवटा तामाका गाग्री थिए । एउटा रोचा पनि थियो तर रोचामा पानी राख्ने गरिएको थिएन, चामल भरेर त्यसलाई आँटीमा राख्ने गरिएको थियो । घरमा तामाका गाग्रीबाहेक दुईवटा माटामा घैंटा थिए । कहिलेकाहीं गाग्रीको सट्टा ऊ घैंटो बोकेर पनि पँधेर जान्थ्यो । भकारो सोहोरेको हात उसले पँधेरामै धुन्थ्यो । पानी ल्याएपछि भैंसीलाई कुँडो खुवाउँथ्यो । त्यसपछि भैंसी दुहुन थाल्थ्यो । दुइटा घुँडाले बाल्टिनलाई च्यापेर बस्थ्यो र दुहुन्थ्यो । एक किसिमले भन्ने हो भने त्यस समयका ग्रामीण बुहारीहरूले गर्नुपर्ने बुहार्तनको जिम्मेबारी उसको काँधमा थियो । गोठको धन्दा सकेपछि ऊ खाङ्गे बोकेर घाँस काट्न केही परको खर्यानतिर लाग्थ्यो । एक खाङ्गे घाँस ल्याएपछि मात्रै उसको बिहानको धन्दा सकिन्थ्यो । त्यसपछि बल्ल घरमा आँटो, ढिँडो जे पाकेको छ खान पाउँथ्यो । खाना खाएर सक्दा लगभग नौ बजेको हुन्थ्यो । हतार-हतार तलपट्टि जाँगे र माथिपट्टि कमेज भिरेर स्कूल दौडन्थ्यो । हात्तीछाप चप्पल लगाउँथ्यो ।

दौडने क्रममा कहिलेकाहीं बाटैमा चप्पलको तुनो चुँडथ्यो । यस्तो अवस्थामा चप्पल हातैमा लिएर पनि कुद्थ्यो ऊ । स्कूलको आडैमा रहेको भट्टीमा आगो मागी चुँडिएर छुटेको भेट्नो जमाएर लगाउन मिल्ने बनाउँथ्यो । ब्रोइलर जस्तो छोराप्रति दृष्टि दिँदै मनमनै भन्यो, 'सत्र-अठार वर्षको भइसक्यो न भैंसी दुहुन जानेको छ, न कोदालो खन्न जानेको छ ! न पौडी खेल्न जानेको छ ! घरव्यवहारका कुरै गर्दैन ! यस्तो डुकुलङ्कले पनि के गरेर जीवन चलाउला खै' फेरि आफ्नै बाल्यकालको स्मृतिमा हराउन थाल्यो- स्कूल पढ्ने समयमा खोलाको रहमा पौडी खेल्दा झन्डै डुबेको सम्झ्यो उसले । एकपटक झोलुङ्गे पुलको लङ्काबाट हामफाल्दा पानीमा पेट बजारिएको पनि सम्झ्यो । त्यति बेलै हो उसले पानी ढुङ्गाभन्दा पनि साह्रो हुँदो रहेछ भनेर बुझेको । यसरी नै पटक-पटक गोता खाएर हो उसले पौडी खेल्न सिकेको । पटक-पटक गोता नखाई त कुनै पनि काम सिकिँदो रहेनछ भनेर उसले त्यति बेलै बुझेको थियो । एकपटक बिहानमा भनेकै समयमा उठ्न नसक्दा आफूलाई बाबुले गाली गरेको सम्झ्यो उसले, 'यस्तै चाल हो भने तैँले गरिखाने भइनस् केटा ' आज बाबु यस संसारबाट बिदा भइसकेका छन् तैपनि गरिखाएकै छ । आफू चौबिसै घण्टा काममा जोतिएर भए पनि जेनतेन जहानपरिवार पालेकै छ । अस्ति साँझमा पनि उसले छोरालाई सम्झाएको थियो, 'हेर् छोरा ! तेरो उमेरमा त मैले दिनभरि कोदालो चलाएर मेलो सकेको हुन्थें । चर्को घाम भन्न पाइँदैनथ्यो, आज त झरी परेको छ भनेर बस्न पाइँदैनथ्यो । असारमा त दिनभरि निथ्रुक्क भिजेर खेत पनि जोतेको हुन्थें । तँ भने... !! उसको भनाइलाई बीचैमा काटेर छोराले भनेको थियो, 'खेतबारी देखाइदिनुस् न, म पनि खनजोत गर्छु । वस्तुभाउ पाल्नुस्, घाँसकुँडाको काम पनि गर्छु !! छोराको जबाफमा निरुत्तर हुँदै उसले मनमनै कुरा खेलाएको थियो, 'छोराका सामु मैले गर्न नहुने कुरा गरेछु कि क्या हो ! छोराले गाउँको अनुहारै देखेको छैन । गोठको धन्दाका बारेमा पनि उसले बुझेकै छैन । बुझोस् पनि कसरी ! यही शहरमा जन्म्यो । घरभेटीका दुइटा कोठा भाडामा लिएर बसिएको छ । कहाँ गएर वस्तुभाउ पाल्नु अनि चार आनाको एउटा घडेरी पनि किन्न नसक्ने हुतीहाराले कहाँको खेतबारी किन्नु' पुन: ब्ल्याङ्केट ओढेपछि छोरो बिस्तारै निदाएको थियो । ऊ छोराकै सामुन्ने कुर्सीमा आड लगाएर एउटा उपन्यासमा आँखा राखिरहेको थियो । उसले केही दिन पहिलेदेखि यो उपन्यास पढ्न शुरू गरेको थियो । 'जेन जी!लाई विषय बनाएर लेखिएको थियो उपन्यास । रोचक थियो । आँखा उपन्यासका पानामा भए पनि मन आफ्नै बाल्यकालमा दौडिरहेको थियो । 'ऊ त्यो भुवनेले गोठको धन्दा सकेर घाँस ल्याइसक्यो । हाम्रा भने अझै नि ओच्छ्यानमै लम्पसार छन् ' घाँसको खाङ्गे बोकेर उकालो चढ्दै गर्दा तलका साइँला बाले बोलेका शब्दहरू उसका कानमा पसे । त्यति बेला उसैको उदाहरण दिएर साइँला बा आफ्ना छोराहरूलाई गाली गर्दै थिए । मन न हो, फेरि पनि आफ्नै विगतमा डुल्न थाल्यो- २०४६ सालको जनआन्दोलनताका ऊ क्याम्पस पढ्न शहर आएको थियो । भर्खर आईएमा भर्ना भएर पढ्न शुरू मात्रै के गरेको थियो, दलहरूले निरङ्कुश पञ्चायती व्यवस्थाका विरूद्धमा आन्दोलनको घोषणा गरे । बहुदलीय व्यवस्था प्राप्तिको आन्दोलनमा साथीहरूसँगै होमियो ऊ । क्याम्पस परिसरभन्दा बाहिरको सडकमा प्रहरीहरू हुन्थे । प्रहरीहरूले अश्रुग्यास प्रहार गर्थे भने ऊ लगायतका क्रान्तिकारी विद्यार्थीहरूले क्याम्पस भित्रबाट प्रहरीहरूलाई ढुङ्गा हान्थे ।

आफूले पनि प्रहरीतिर ढुङ्गा बर्साएको सम्झ्यो । गफगाफका सिलसिलामा हिजै दिउँसो अफिसमा सहकर्मी दयारामसँग उसले हाँसीहाँसी गुनासो गरेको थियो, 'मेरो छोरो मात्रै हो कि, अचेलका केटाहरू नै त्यस्तै भएका हुन् हँ दयारामजी ! सत्र-अठार वर्षको स्वाँठ पनि रात-रातभरि मोबाइल र ल्यापटपमा व्यस्त अनि बिहानभरि निद्रामा मस्त' 'सबैको त्यस्तै हो भुवनेश्वरजी ! मेरो छोरो पनि बिहान दश बजेभन्दा पहिले कहिल्यै उठ्दैन । उठाउनै मुश्किल । निकै गाली गरेर उठाउनु पर्छ । यो अहिलेको जेनेरेशन नै यस्तै हो ! तपाईं र मेरो छोराको जुन जेनेरेशन छ नि, यसलाई जेन जी भन्छन् भुवनेश्वरजी ! जेनेरेशन जेड !! सहकर्मी दयारामले उसको गुनासोमथि प्रत्युत्तर फर्कायो । दयाराम बोल्न छोडेपछि भित्रभित्रै कुरा खेलाएको थियो उसले- 'विदेशमा पनि रुखैमा पैसा त कहाँ फल्छ र ? अर्काको देशह यस्ता कलिला केटाहरूह आफै भात पकाएर खाने ढङ्ग पनि छैन । सास्तीमाथि सास्ती खेपेर के नै पो कमाउनु छ र ! कसका लागि कमाउन छ र' ब्ल्याङ्केट छिचोलेर छोराले घुरेको आवाज निस्केपछि छोरातिरै दृष्टि दिएर मुस्करायो ऊ र मनमनै भन्यो- हेर त, जेन जीको छोरो घुरिराङ्को !!

*-साहित्यपोस्ट डटकम*

# गाईपालनबाट मनग्य आम्दानी

**वालिङ (स्याङ्जा),** असोज २२/ गल्याङ नगरपालिका-१ मालुङ्गाका ईश्वर बस्यालले व्यावसायिक रुपमा गाईपालन गरेको छ वर्ष भयो । छ वर्षअघि 'विन्दवासिनी कृषि तथा पशुपालन फार्म' दर्ता गरी व्यवसाय थालेका बस्यालले गाईपालनबाट मनग्य आम्दानी गर्न सफल भएका हुन् ।



सुरुमा ५० लाख लगानी गरी व्यवसाय थालेका बस्यालले फार्मलाई विस्तार गर्दै लगेका छन् । उनले सुरुमा ५० लाखको लगानीमा केही संरचनासहित गाई र भैंसी गरी २० वटाबाट थालेको व्यवसायलाई बर्सेनि विस्तार गर्दै लएका हुन् । "भैंसी र होलिस्टिन गरी २० वटा गाईभैंसीपालनबाट थालेको व्यवसाय बर्सेनि विस्तार गर्दै लगेको छु", उनले भने, "हालसम्म आइपुग्दा फार्ममा ४४ गाईभैंसी छन् भने झण्डै डेढ करोड लगानी भएको छ ।" फार्मबाट भएको आम्दानीलाई बर्सेनि लगानी गर्दै गइरहेकाले अझै केही वर्ष लगानीलाई निरन्तरता दिने उनले बताए । अहिले गाईभैंसीमध्ये २७ वटा दुहुना छन् भने बाँकी ब्याउने छन् । आफ्नै जग्गामा फार्म सञ्चालन गर्नुभएका बस्यालले झण्डै १०० रोपनी जमिन भाडामा लिएर गाईभैंसीका लागि आवश्यक पर्ने नेपियर, जै, वर्सिमलगायतका घाँस लगाएका छन् । "फार्मबाट अहिले दैनिक २५० देखि ३०० लिटर दूध बिक्री हुने गरेको छ", उनले भने, "फामबाट प्रतिलिटर रु ६५ देखि ७० का दरले दूध बिक्री भइरहेको छ ।" बस्यालको फार्ममा उत्पादित दूध गल्याङस्थित साना किसान कृषि सहकारी संस्थामा बिक्री गर्दै आएका छन् । फामबाट बिक्री भएको दूधमा प्रतिलिटर गल्याङ नगरपालिकाले रु १५ थप अनुदान उपलब्ध गराउने भएकाले पनि सहजरुपमा मूल्य प्राप्त भएको उनले बताए । "यहाँ जति मात्रामा दूध उत्पादन गरे पनि बजारको कुनै समस्या छैन", उनले भने, "उत्पादित दूध सहकारीमार्फत बिक्री हुने गरेको छ, त्यसबाट रु १५ का दरले प्रतिलिटर अनुदानले थप प्रोत्साहन पुगेको छ ।" फार्ममा हाल आठ जनाले प्रत्यक्ष रोजगारीसमेत पाएका छन् ।

फार्मलाई थप व्यवस्थित गर्दै गाईभैंसी थप गर्ने र संरचना विस्तार गर्दै लैजाने योजनामा उनि छन् । "केही समय वैदेशिक रोजगारीपछि स्वदेश फर्केपछि बजार राम्रो देखेर पशुपालन व्यवसाय थालेको हुँ", उनले भने, "काम गर्दै जाँदा सिकाइ हुँदै गएको छ, अनुभव सँगाल्दै गएको छु, व्यवसाय राम्रै छ ।" फार्मसम्म विद्युत्को तार आए पनि आवश्यक मात्रामा पावर नआएकाले हातैबाट दुहुनुपरेको उनले बताए । मेसिन ल्याएर राखिएको तर पावरको कमीका कारण मेसिन सञ्चालनमा समस्या रहेको उनले बताए ।


## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## महिला टी-२० शृङ्खला नेपालले जित्यो



**काठमाडौं,** असोज २२/ मलेशियासँगको महिला टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृङ्खला नेपालले जितेको छ । बुधबार भएको पाँचौ तथा अन्तिम निर्णायक खेलमा नेपालले घरेलु टोली मलेशियालाई पाँच विकेटले हराएको हो । नेपालले शृङ्खला ३-२ ले जितेको हो । मलेशियाले जितका लागि दिएको एक सय चार रनको लक्ष्य नेपालले १८औं ओभरमा पाँच विकेट गुमाएर पूरा गऱ्यो । रुवी पोद्दारले २६ र पुजा महतोले २३ रन बनाइन् । मलेशियाका नुर आल्या बत्रिसिया बिन्ती नोर्मिजान, माहिरा इज्जती र ऐना हामिजाह हाशिमले समान एक विकेट लिइन । त्यसअघि क्वालालम्पुरमा टस जितेर ब्याटिङ गरेको मलेशियाले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय तीन रन बनाएको थियो । मलेशियाका लागि विनिफ्रेड एनी दुराईसिंगमले ४०, माहिरा इज्जतीले १९ र ऐना हामिजाह हाशिमले १५ रन बनाइन् । नेपालकी राजमती ऐरीले र कविता कुँवरले समान तीन तथा रचनाकुमारी चौधरीले एक विकेट लिइन् । शृङ्खलाको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा छ विकेटले विजयी भएको थियो । यस्तै तेश्रो खेलमा नेपाल मलेशियासँग १३ रनले हारेको थियो भने हिजो भएको चौथो खेलमा नेपाल छ विकेटले विजयी भएको थियो । नेपाली महिला टोलीले आउँदो जनवरीमा घरेलु मैदानमै हुने महिला टी-२० विश्वकपको ग्लोबल छनोट खेल्दैछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## २ दिनमा शेयर बजार १ सय ३ अङ्कले घट्यो



**पाल्पा,** असोज २२/शेयर बजार लगातार दोस्रो दिन उच्च अङ्कले घटेको छ । शेयर बजार परिसूचक नेप्से बुधबार ४५ दशमलव ३६ अङ्कले घटेर २ हजार ५ सय ५९ दशमलव ५९ विन्दुमा झरेको छ ।

दशैंपछिको पहिलो कारोबार दिन हिजो नेप्से ५८ अङ्कले ओरालो लागेको थियो । २ दिनमै नेप्से १ सय ३ अङ्कले घटेको हो । सबै समूहको शेयर घटेकोमा फाइनान्स र होटल समूहको शेयर ३ प्रतिशत तथा विकास बैंक, जलविद्युत्, लगानी, निर्जीवन बीमा समूहको शेयर २ प्रतिशतभन्दा धेरैले ओरालो लागेको छ । बुधबार प्रभु इन्सुरेन्स कम्पनीको शेयर ६ प्रतिशतले घटेको छ । बजार उच्च अङ्कले ओरालो लागेको दिन शाङ्गीला विकास बैंकको डिबेन्चर (२०८७) भने ७ प्रतिशतले बढेको छ । नेप्से घटे पनि कारोबार रकम भने बढेको छ । मंगलबार ४ अर्ब ६२ करोडको कारोबार भएकोमा आज ३ सय ३५ वटा कम्पनीका १ करोड ३७ लाख कित्ता शेयर ५ अर्ब ७६ करोड रुपैयाँमा किनबेच भएको छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्राई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्राई